大阪府

# माध्यामिक विद्यालयका विद्यार्थी र अविभावकहरुलाई
# उ.मा.वि अध्ययन शुल्क निशुल्क प्रणालीमा परिवर्तन हुदै!!

## के परिवर्तन हुन्छ?

◆ निजी र सरकारी उ.मा.वि. दुबैमा **आम्दानी र बच्चाको संख्या जति भएपनि अध्ययन शुल्क ब्यहोर्न पर्दैन।**
◆ **प्रिफेक्चर बाहेकको उ.मा.वि. (※) मा पनि अध्ययन शुल्क निशुल्क** गरिनेछ। ※लागु हुने विद्यालय पछी निर्णय गरिने

## कहिले बाट परिवर्तन हुन्छ?

◆ **उ.मा.वि. भर्ना हुने वर्ष अनुसार प्रणाली परिवर्तन हुन्छ।**
रेइवा ६ सालमा भर्ना (हाल मा.वि. तेस्रो वर्ष): उ.मा.वि. दोस्रो वर्षमा (रेइवा ७ साल) बाट निशुल्क
※रेइवा ७ सालमा आंशिक अध्ययन शुल्क ब्यहोर्न पर्ने पनि हुन सक्छ।
रेइवा ७ सालमा भर्ना (हाल मा.वि. दोस्रो वर्ष): उ.मा.वि. दोस्रो वर्षमा (रेइवा ८ साल) बाट निशुल्क
रेइवा ८ सालमा भर्ना (हाल मा.वि. पहिलो वर्ष): उ.मा.वि. पहिलो वर्षमा (रेइवा ८ साल) बाट निशुल्क

## शैक्षिक वर्ष / उच्च शिक्षा मार्ग अनुसारको अध्ययन शुल्क रकम जाँच

## हालको मा.वि. तेस्रो र दोस्रो वर्षे विद्यार्थी

①उच्च शिक्षा कता निजी? सरकारी? ※१
②घरको वार्षिक आम्दानी(लगभग)?

| ① / ② | बच्चाको संख्या? | उ.मा.वि पहिलो वर्ष | उ.मा.वि. दोस्रो वर्ष | उ.मा.वि. तेस्रो वर्ष |
|---|---|---|---|---|
| ① निजी ② ५९ लाख येन भन्दा कम | | निशुल्क | निशुल्क | निशुल्क |
| ① निजी ② ५९ ~८० लाख येन | ३जना भन्दा बढी | निशुल्क | निशुल्क | निशुल्क |
| | २जना | १ लाख येन | **निशुल्क** | **निशुल्क** |
| | १जना | २ लाख येन | **निशुल्क** | **निशुल्क** |
| ① निजी ② ८०~९१ लाख येन | ३जना भन्दा बढी | १ लाख येन※२ | **निशुल्क ※३** | **निशुल्क** |
| | २जना | ३ लाख येन ※२ | **निशुल्क ※३** | **निशुल्क** |
| | १जना | अधिकतम ४ लाख ८० हजार येन ※२ | **निशुल्क ※३** | **निशुल्क** |
| ① निजी ② ९१ लाख येन भन्दा बढी | | शुल्क सबै रकम | **निशुल्क ※३** | **निशुल्क** |
| ① सरकारी ② ९१ लाख येन भन्दा कम | | निशुल्क | निशुल्क | निशुल्क |
| ① सरकारी ② ९१ लाख येन भन्दा बढी | | ११८,८०० येन | **निशुल्क** | **निशुल्क** |

(※१) ओसाका प्रिफेक्चर भित्रको निजी उ.मा.वि. (फुल-टाईम)、प्रिफेक्चरल उ.मा.वि(फुल-टाईम)मा भर्ना हुदाको उदाहरण।
निजी उ.मा.वि. ओसाका प्रिफेक्चरले निर्णय गरेको शिक्षा सहयोग प्रवर्द्धन विद्यालय हुन आवश्यक छ।

(※२) अध्ययन शुल्क ६ लाख येन भन्दा बढीको विद्यालयमा अंकित रकम जोडेर「अध्ययन शुल्क−६ लाख येन」ब्यहोर्न पर्छ।
[उदाहरण] अध्ययन ६ लाख ५० हजार येनको खण्डमा ५० हजार येन अविभावकले ब्यहोर्ने (६५०,०००−६००,०००=५०,०००येन)

(※३) हालको मा.वि. तेस्रो वर्ष: अध्ययन शुल्क ६ लाख ३० हजार येन भन्दा बढीको विद्यालयमा「शुल्क−६ लाख ३०हजार」ब्यहोर्न पर्छ।
[उदाहरण] अध्ययन शुल्क ६५०,००० येनको खण्डमा, २०,००० येन अविभावकले ब्यहोर्ने (६५०,०००−६३०,००० =२०,००० येन)
हालको मा.वि. दोस्रो वर्ष: अध्ययन शुल्क ब्यहोर्न पर्दैन।

## हालको मा.वि.१ वर्षे भन्दा कम

**निजी/सरकारी उ.मा.वि. सबै उ.मा.वि. पहिलो वर्षबाट अध्ययन शुल्कको पुरा रकम निशुल्क हुनेछ।**

※नयाँ प्रणाली ओसाका प्रिफेक्चर सभाको रेइवा ६ साल फेब्रुअरीको नियमित बैठकमा निर्णय गरिनेछ।

# उ.मा.वि. अध्ययन शुल्क निशुल्कमा प्रश्नोत्तर



अध्ययन शुल्क बाहेक पनि निशुल्क छ?

भर्ना शुल्क या युनिफर्म शुल्क、शैक्षिक भ्रमण खर्च आदि निशुल्क छैन। भर्ना समयको शुल्क भुक्तानीमा समस्या भएमा ओसाका प्रिफेक्चर इकुएइकाइको बिनाब्याज ऋण प्रणालीमा आरक्षणको लागि आवेदन दिनुहोस्।

※आवेदन म्याद: रेइवा ५ साल अक्टोबर पहिलो वा दोस्रो हप्ता तिर





घरको आम्दानि जति भएपनि सबै जनाको निशुल्क हुने हो भने, अध्ययन शुल्कको निशुल्क प्रक्रिया आवश्यक छैन?

निजी/सरकारी सबै राष्ट्रिय शिक्षा सहयोग रकम र ओसाका प्रिफेक्चरको अध्ययन शुल्क सहयोग प्रणाली दुवैको आवेदन आवश्यक छ। आवेदन भर्ना पछि उ.मा.वि. गएर दिन मिल्ने भएकोले भर्ना अगाडी आवश्यक छैन।





उच्च शिक्षाको निजी उ.मा.वि. अध्ययन शुल्क निशुल्क लक्षित विद्यालय (शिक्षा सहयोग प्रवर्द्धन विद्यालय) हो कि होइन जान्न चाहन्छु।

ओसाका परिफेकचर होम पेजमा रेइवा ५ सालको शिक्षा सहयोग प्रवर्द्धन विद्यालय प्रकाशित गरिएको छ। रेइवा ६ सालको शिक्षा सहयोग प्रवर्द्धन विद्यालय रेइवा ५साल डिसेम्बरभित्रमा घोषणा गर्ने योजना छ।





अरु परिफेकचरको निजी उ.मा.वि. या सरकारी उ.मा.वि. को उच्चा शिक्षाको लागि सोचिरहेको छु,अध्ययन शुल्कको निशुल्क प्रणाली लक्षित हो होइन कहिले थाहा हुन्छ?

अरु प्रिफेक्चरको लक्षित विद्यालय रेइवा ५ साल डिसेम्बर भित्र ओसाका होम पेजमा घोषणा गर्ने योजना छ।





अनलाईन उ.मा.वि.को पनि अध्ययन शुल्क निशुल्क हुन्छ?

ओसाका प्रिफेक्चर भित्र अनलाईन विद्यालय (शिक्षा सहयोग प्रवर्द्धन विद्यालयमा सीमित) को सम्बन्धमा पनि फुल टाईम जस्तै आय प्रतिबन्धहरू क्रमशः हटाइनेछ।



**थप विवरणको लागि सम्पर्क गर्नुहोस्**

(निजी उ.मा.वि. सम्बन्धि)
ओसाका जानकारी केन्द्र पिपित्तोलाईन
०६-६९१०-८००१

大阪府 私立 無償化

(सरकारी उ.मा.वि. सम्बन्धि)
ओसाका शिक्षा एजेन्सी, सुविधा वित्त विभाग, राजस्व समूह
०६-६९४१-०३५१(मुख्य लाईन)
※अक्टोबर पछी बाँयापट्टीको पिपित्तोलाईनमा सम्पर्क गर्नुहोस्।